आर्थिक वर्ष २०७२/०७३ को तेस्रो चौमासिकमा सिलगढीमा  सञ्चालन गरिएको

# सार्वजनिक सुनुवाई

# कार्यक्रमको प्रतिवेदन

*मिति २०७३/०३/३०*

***सहजीकरण***

*वागेश्वरी अशल शासन क्लव*

*डोटी*

***आयोजक***

*जिल्ला बिकास समिति डोटी*

पृष्ठभुमि

हरेक सार्वजनिक निकायहरुले पारदर्शी र जवाफदेही हुन सकेमा मात्र सुशासन कायम हुन सक्छ । अन्यथा सुशासन कायम गर्न समस्या हुन्छ भन्ने कुरालाई ध्यानमा राख्दै सरकारले स्थानीय निकायहरुमा सामाजि जवाफदेहीता कायम गर्नका लागि बिभिन्न बिधिहरुको प्रयोग गर्नु पर्ने नीतिगत व्यवस्था गरेको छ । यही नीतिगत व्यवस्था अनुसार स्थानीय निकायको सार्वजनिक सुनुवाई कार्यबिधी २०६७ पनि हो । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ को दफा ३० र नियमावली २०६५ नियम १९ अनुसार सार्वजनिक निकायहरुले प्रत्येक चौमासिकमा एक पटक अर्थात प्रत्येक आर्थिक वर्षमा कम्तीमा तीन पटक आफुले प्रवाह गरेको सेवा सुबिधा एवं काम कारवाहीको वारेमा सेवाग्रहीहरुबीच सार्वजनिक सुनुवाई गर्नु पर्ने कानुनी व्यवस्था गरेको छ । उक्त व्यवस्था अनुसार जिल्ला बिकास समिति र अन्य बिषयगत निकायहरुले गरेका कामहरुको वारेमा सेवाग्राहीहरुको सन्टुष्टिको अवस्था जाँच गर्नका लागि डोटी जिल्ला बिकास समितिले यहि मिति २०७३ साल असार ३० गते तेस्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरेको थियो । उक्त सार्वजनिक सुनुवाई कार्यक्रममा आएका कुराहरुलाई लिपीवद्ध गरी सम्वन्धित निकायहरुसम्म पुऱ्याउने र सुधारका लागि कार्ययोजना निर्माण गर्नका सहयोग पुऱ्याउने उद्देश्यका साथ यो प्रतिवेदन तयार गरिएको हो ।

**कार्यक्रमको लक्ष :-**

जिल्लास्तरमा सार्वजनिक सुनुवाई गरी जनताका गुनासा तथा जिज्ञासाहरुको उत्तर सम्वन्धित क्षेत्रकै सरोकारवालाहरुवाट दिन लगाउने ।

**कार्यक्रमको उद्देश्य :-**

१) सार्वजनिक सुनुवाई गरी जनताका समस्याहरुलाई सम्वन्धित निकायमा पुऱ्याउने ।

२) जनताका समस्या, जिज्ञासा र गुनासाहरु समाधान गर्नका लागि सरोकारवाला सेवाप्रदायका प्रतिनिधिवाट जवाफ दिन लगाउने ।

३) जनताको सेवामा सरोकारवाला निकायलाई जवाफदेही वनाउने ।

**सार्वजनिक सुनुवाई कार्यक्रमका चरणहरु :**

सार्वजनिक सुनुवाई पूर्वको चरण (तयारी चरण) :

यस चरण अन्तरगत सार्वजनिक सुनुवाईका लागि मिति, समय र स्थानको निर्धारण गरि सेवाग्राही तथा सरोकारवालाईहरुलाई सार्वजनिक सूचना जारी गरिएको थियो । स्थानीय सञ्चारमाध्यमहरुवाट सार्वजनिक सूचना जारी गर्नुका साथै केही व्यक्तिहरुलाई पत्रचार समेत गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रमको समन्वयका लागि जिल्ला प्रशासन कार्यालय डोटी र अन्य सेवाप्रदायक निकायहरुसंग पनि छलफल गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रम सहजीकरण गर्नका लागि वागेश्वरी अशल शासन क्लव डोटीसंग समझदारी गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत गर्ने प्रतिवेदन समेत तयार गरिएको थियो ।

कार्यक्रम चरण (सार्वजनिक सुनुवाई सञ्चालन चरण) :

यस चरणमा सार्वजनिक सुनुवाई सञ्चालन गरिएको थियो । बिहान ११ वजे सुरु भएको सार्वजनिक सुनुवाई कार्यक्रममा सहजकर्ताले आचार संहिता तयार गरि जिल्ला बिकास समितिको तर्फवाट प्रतिवेदन प्रस्तुत गरिएको थियो । यस चरणमा सेवाग्राही र सेवाप्रदायकबीच खुला छलफल गरिएको थियो । छलफलमा उठेका सवालहरुको सम्वन्धित सरोकारवाला निकायहरुले जवाफ दिएका थिए ।

सार्वजनिक सुनुवाई पश्चातको चरण (समिक्षा तथा कार्ययोजना निर्माण चरण)

यस चरणमा सार्वनजिक सुनुवाई चरणको समीक्षाका साथै उक्त चरणमा आएका जिज्ञासाहरु, गुनासाहरुलाई सम्वोदन गर्नका लागि के गर्न सकिन्छ भन्ने बिषयमा छलफल भएको थियो ।

**औपचारिक कार्यक्रम सम्वन्धि बिवरण**

**अध्यक्षता** : स्थानिय विकास अधिकारी

**आशन ग्रहण** (जवाफदेही बक्ताहरु) : स्थानीय बिकास अधिकारी, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु र बिषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु

**आयोजक :** जिल्ला विकास समिति डोटी

**कार्यक्रमको सञ्चालन** : गणेश मौनी (बागेश्वरी असल शासन क्लब, डोटी)

**सार्वजनिक सुनुवाइ संयोजन गर्ने व्यक्ति तथा निकाय** : वागेश्वरी अशल शासन क्लव, डोटी

**सुनुवाइ गरिएका विषयवस्तुहरु**

क) सुशासन
ख) बिकास निर्माण
ग) दैनिक प्रशासनिक कार्य
घ) सेवा प्रवाहको अवस्था

**कार्यक्रम आयोजना स्थल** :– जिल्ला विकास समितिको सभाहल सिलगढी, डोटी

**कार्यक्रम आयोजना गरिएका मिति र समय** : २०७३ असार ३० गते बिहान ११

**कार्यक्रम सञ्चालन गरिएको समयावधि** (घण्टा/मिनेटमा) : ४ घण्टा

**कार्यक्रम सञ्चालन गरिएको समयावधि** (घण्टा/मिनेटमा) : ४ घण्टा

**उठेका प्रश्न/जिज्ञासा र उत्तर :**

| क.स. | प्रश्नकर्ताको नाम र ठेगाना | सोधिएको प्रश्न, जिज्ञासा वा सुझाव | उत्तरदाताको नाम र जिम्मेवारी | दिईएको उत्तरको संक्षिप्त बिवरण |
|---|---|---|---|---|
| १ | झलक पाली पत्रकार | डोटी जिल्लामा लामो समय देखि निमार्ण सम्पन्न भएका गाविस भवन किन हस्तान्तरण हुन सकेका छैनन् । | कृष्ण गौतम स्थानीय बिकास अधिकारी जिल्ला बिकास समिति डोटी | • म जिल्लामा आएको केही समय मात्र भएको छ जिल्लाको सम्पूर्ण बस्तुस्थितीको बारेमा मलाई थाहा छैन यदी कुन गाविसको भवन हो त्यस्तो अवस्थामा रहेको त्यसको भवन हस्तान्तरणको प्रक्रियामा छिटो जानेछु । |
| २ | अरुण बम पत्रकार | गैरागाउँ गाविस जोड्ने सडक स्टेमेट अनुसार काम नभएको गुनासो सुनिन्छ ? | राम चन्द्र खत्री कार्यालय प्रमुख जिल्ला प्राविधीक कार्यालय डोटी | • गैरागाउ सडक लामौसमय देखि विवादीत बन्दै आएको छ सुरुमा त सडक कताबाट लैजाने भन्ने विषयमा त्यहाका जनताहरुको विचमा कुरा मीलेन पछी कुरा |

| | | | | |
|---|---|---|---|---|
| | | | | मीलीसकेपछी काम गर्न ढिलाई भएको हो जो स्टेमेट अनुसार काम भएन भन्ने कुरा होईन स्टेमेट अनुसार नै भएको छ भुक्तानी दिदा कामको मुल्याङ्कको आधारमा मात्र दिएका छौ । |
| ३ | विर बहादु धामी | जिल्ला प्राविधीक कार्यालयका ईन्जीनीयर फिल्डमा नगईकन रोड ठिक छैन काम भएको छैन भन्छन रोड हेर्ने जिम्मेवारी कसको हो । | राम चन्द्र खत्री कार्यालय प्रमुख जिल्ला प्राविधीक कार्यालय डोटी | • जिल्ला प्राविधीक कार्यालयका कर्मचारी फिल्डमा नगएको भन्ने कुरा म त मान्दैन किनभने जिल्लाका घेरै ठाउँहमा म आफै पुगेको छु । बनीरहेकारोडहरु हेरेकोछु । उपभोक्ताहरुले काम भएको भन्छन स्टेमेट अनुसार काम भएको हैदैन त्यसैले फिल्डमा नगएको भनेको होला । |
| ४ | खेम बम पत्रकार | जिल्लामा असार मसान्तको नजिक आएर योजना बाँडफाँड किन गरिन्छ ? त्यो योजना कत्तिको प्रभावकारी हुन्छ ? | कृष्ण गौतम स्थानीय बिकास अधिकारी जिल्ला बिकास समिति डोटी | • राजनीतिक दलका नेता ज्यूहरुले केन्द्रवाट पावर वजेटको रुपमा जिल्ला बिकास समिति मार्फत योजना पठाउने गरेको र त्यसलाई आफुले रोक्न नसकेको । आगामी दिनमा सक्दो प्रयास गर्ने । |
| ५ | रामहरी ओझा पत्रकार | डोटी जिल्लाका कति गाविसमा भवन छैनन् भन्ने कुरा जिविसलाई थाहा छ की छैन त्यो थाहा हुनुपर्ने होवा होइन् । | कृष्ण गौतम स्थानीय बिकास अधिकारी जिल्ला बिकास समिति डोटी | • गाविस भवन कति छन् भन्ने कुरा जिविसलाई थाहा छ त्यसको तिनिहरुको अवस्था कस्तो छ भन्ने कुरा अरुसाथीहरुलाई थाहा भएपनी म भर्खरै मात्र डोटीमा आएको हुनाले सबै कुरा थाहा छैन पछी विस्तारै थाहा हुन्छ । |
| | | पावर बजेटको सम्झौता हुन्छ वा हुदैन् । बजेट आउने कुरा गाविसलाई थाहा हुन्छ वा हुदैन ? | कृष्ण गौतम स्थानीय बिकास अधिकारी जिल्ला बिकास समिति डोटी | • पावर बजेटको सवालमा भाषा घुमाउरो तरिकाले आएको हुन्छ नियम अनुसारत सम्झौता हुनुपर्ने हो तर भाषा घुमाउरो किसीमको हुने भएकाले सम्झौता गर्न नसकीने बताए । |
| | | २०५७०५८ तिर जिल्ला विकास समितिको ३९ लाख बजेट हराएको छ त्यसको खोजि खबरी हुनुपर्छ की पर्दैन ? | अमर बहादुर खड्का आलेप जिल्ला विकास समिति डोटी | • जिल्ला विकास समितिको पैसा हरायो भन्ने कुरा ठिकै हो तर त्यो पैसा हराएको भनेर खोजीनित गर्दा बैङ्कमा अर्कोखातामा पोष्टीङ्ग भएको भनेर खबर आएको छ केही समय पछी थाहा हुन्छ । |

| | | | | |
|---|---|---|---|---|
| ६ | खगेन्द्र नेपाली सेवाग्राही | गाबिस र नगरपालीकाले किर्ते कागजात मिलाएर योजना फर्च्यौट गर्ने काम चलन छ, यसमा जिल्ला बिकास समितिले किन चाँसो दिईरहेको छैन ? | कृष्ण गौतम स्थानीय बिकास अधिकारी जिल्ला बिकास समिति डोटी | ● गाविसले कृते कागजात मिलाएर जिविसले योजना फर्च्यौट गरेको छ जस्तो लाग्दैन तर, कहिलेकाँही सेवाग्राही एवं उपभोक्ताहरुलाई सामान्य जानकारी समेत नहुँदा गाबिसले केही सहयोग गरेको हुन सक्छ । यदि कुनै पनि गाबिसले किर्ते गरेको कागजात मिलाएर भुक्तानी दिन्छ भने प्रमाण सहित ल्याउनुहोला । त्यस्ता गाबिस सचिवहरुलाई मैले गर्न सक्ने कारवाहीको दायरामा ल्याउछु । |
| ७ | मिना आउजी सेवाग्राही , दलित महिला अधिकार कर्मी | लामीखालको गाविस भवन ४,५ वर्ष अघाडी बनेको हो ठेकेदारले पूर्ण काम नगरीकन जिर्ण बन्दै गईरहेको छ यसको नियमन गर्ने निकाए कोहो ? | स्थानीय बिकास अधिकारी जिल्ला बिकास समिति डोटी | ● गाविस भवन बनेको ४,५ वर्ष भएको भन्नुभएको छ त्यो कीन हस्तान्तरण हुन सकेन यो भन्दा अघाडीको एल डि ओ सापलाई थाहा होला म जिल्लामा आएको केही दिन मात्र भएको छ । कीन हुन सकेन त्यसको बारेमा कुरा बुझि प्रक्रिया अघाडी बढाउने बताए । |
| ८ | लोकेश अधिकारी | सार्वजनिक सुनुवाईमा सेवाग्राहीको सहभागिता छैन किन ? | | ● हामीले सार्वजनिक सुनुवाई कार्यक्रमको वारेमा स्थानीय एफएम र पत्रपत्रिकाहरुवाट सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरेका छौं, यसका साथसाथै अधिकांस सरोकारवाला निकायहरुलाई पत्राचार समेत गरेका थियौं । अन्य गाविसका मानिसहरुको किन बढी उपस्थिती हुन सकेन । आगामी दिनहरुमा यसलाई सुधार गर्दै जाने छौं । |
| | | जिल्लाको धेरै जसो स्थानहरुमा अबैध मदिरा रहेको छ जिल्ला प्रशासनले किन ध्यान दिदैन ? | केशव प्रसाद आर्चाय प्रमुख जिल्ला अधिकारी जिल्ला प्रशासन कार्यालय डोटी | ● जिल्लामा धेरै मात्रामा अबैध रुपमा मदिरा छ जस्तो त लाग्दैन किनभने कोलेनीकाले सबैको सहभागितामा पटक पटक अनुगमन गर्छ, प्रहरीले छड्केरुपमा चेकजाच गरिरहेका हुन्छन कही कतै हुन सक्छ त्यसलाई आगामी दिनमा निमयन गर्न हामी प्रयास गर्ने छौ । |

| | | | | |
|---|---|---|---|---|
| ९ | राम बहादुर खड्का सेवाग्राही | सडकहरु निमार्ण गर्दा प्राय धेरै गाविसहरुको नाम जोडने प्रचलन छ त्यसमा ठुलो अनियमीतता हुने गर्दछ यसलाई नियन्त्रण कसले गर्ने | कृष्ण गौतम स्थानीय बिकास अधिकारी जिल्ला बिकास समिति डोटी | • सडकहरु निमार्ण गर्दा धेरै गाविसको नाम जोडीनु नराम्रो होइन किनभने निमार्ण हुने सडकले ति गाविसहरु काहीन काही छोएको हुन्छ । अर्को अनियमीताको विषयमा  प्रमाण विना कसैले पनि बोल्नु हुन्न यदी त्यस्तो प्रमाण सहित छ भने म कारवाही गर्न तयार हु । |
| १० | नव राज जोशी सेवा ग्राही | जिल्लाका कुनै गाविसमा ठुला ठुला योजनाहरु मात्र छन कुनैमा योजनै छैन की यसरी विभेद गरिन्छ यसको नियमन गर्ने निकाए के हो ? | कृष्ण गौतम स्थानीय बिकास अधिकारी जिल्ला बिकास समिति डोटी | • प्रत्येक गाविसमा रहेका योजनाहरु साना ठुला हुनु स्वभाविकै हो । यसमा हामीले केही गदैनौ गाउ परिषद र ईलाका परिषदबाट पार गरेर ल्यायका योजनाहरुले प्राथमीकता पाउछन । कुन वडा, बस्तीबाट कस्तो योजना आयो सानो ठुलो भन्ने कुरा महत्वपुर्ण रुपमा हेरीदैन आवश्कता छ वा छैन भन्ने कुरा महत्वपुर्ण हुन्छ । |
| ११ | शेर बहादुर बोहरा सेवा ग्राही | कुनै पनि योजनाको अनुगमन समितिले अनुगमन गरिसकेपछी मात्र कामको आधारमा भुत्तानी दिने चलन छ तर त्यो पुर्ण रुपमा कार्यान्वयन भईरहेको छैन किन ? | राम चन्द्र खत्री जिल्ला प्राविधीक कार्यालय डोटी | • योजनाको अन्तिमा भुक्तानी दिदा अनुगनम प्रतिवेदन नभईकन दिईन्न । त्यसमा फोटालाई अनिवार्य गरेको छु । तपाई भन्नुभएको सवालमा तपाईले अनुगमन नगरेपनि कागजी रुपमा कृते पनि बनाएको हुन सक्ला त्यो विषयमा के भएको हो कसरी भयो त्यो कुराको बारेमा बृस्तित रुपमा बुझ्छु यदी नहुनु पर्ने त्यस्तो कुनै गल्तीकाम भएको भए त्यो कसरी भयो प्रमाण सहित ल्याउनु होला । |

**सार्वजनिक सुनुवाईमा आएका सुझावहरु :**

- जिल्लामा रहेका बिषयगत कार्यालयका कर्मचारीहरु लामो समयसम्म बिभाग, मन्त्रालय वा सुबिधा सम्पन्न जिल्लामा काजमा बस्ने परिपाटीको अन्त्य गरिनु पर्ने ।
- सरकारी कार्यालयहरुले सूचना शाखालाई व्यवस्थित गर्नु पर्ने र गुनासो सुन्ने अधिकारी तोक्नु पर्ने ।
- कर्मचारीहरु १० देखि ५ वजेसम्म नियमित रुपमा कार्यालयमा वस्नु पर्ने ।
- कार्यालयहरुले बित्तीय प्रगति अनुसारको कामको प्रभावको वारेमा समेत जानकारी गराउनु पर्ने ।
- योजनाहरुको प्राबिधिक अनुगमन गरि काम अनुसारको भुक्तानी दिने व्यवस्था मिलाईनु पर्ने ।
- सार्वजनिक सुनुवाइमा सेवाग्राहीहरुको बढी भन्दा बढी उपस्थिति वढाउनु पर्ने ।

- पावर वजेट ल्याउदा समयमै ल्याउनु पर्ने, असार मसान्तमा योजना वाँडफाँड गर्ने परिपाटीको अन्त्य गर्नु पर्ने ।
- स्थानीयस्तरवाट योजना तर्जुमा प्रक्रियाको चरणहरु पार गरि जिल्ला बिकास समितिमा पुगेका योजनाहरुमध्येवाटै योजनाहरु छनौट गर्नु पर्ने ।
- सरकारी कार्यालयहरुले सञ्चालन गर्ने तालिमहरु तोकिएको दिनसम्म सञ्चालन नगरी बिचमै छोट्याएर अनियमितता गर्ने गरेको देखिएकोले तोकिएको समय अनुसार तालिम सञ्चालन गर्नु पर्ने ।
- बिषयगत कार्यालयहरुले स्थानीयतहमा बिकास निर्माणका योजनाहरु वनाउँदा गाउँ बिकास समितिहरुसंग अनिवार्य रुपमा समन्वय गर्नु पर्ने ।
- बिगत लामो समयदेखि निर्माणाधीन गाउँ बिकास समितिका भवनहरु हालसम्म पनि पुरा नभएका र पुरा भएका भवनहरु पनि गाउँ बिकास समितिलाई हस्तान्तरण नहुँदै जीर्ण हुन थालेकाले त्यस्ता भवनहरु तत्काल निर्माण कार्य सम्पन्न गरी सम्वन्धित निकायलाई हस्तान्तरण गर्नु पर्ने ।
- गाउँ बिकास समितिका सचिवहरुलाई गाउँ बिकास समितिमै बस्नका लागि निर्देशन गर्नु पर्ने ।
- सार्वजनिक सुनुवाईमा आएका सुझावहरुलाई कार्यान्वयन गर्नु पर्ने ।
- शिक्षकहरु अध्ययन/अध्यापन भन्दा अन्य कुरामा बढी सक्रिय हुने गरेको पाईएकोले यसलाई सुधार गर्नु पर्ने ।
- सार्वजनिक सुनुवाई कार्यक्रमलाई ऐन, नियमले तोके अनुसार सञ्चालन गर्ने परिपाटी मिलाउनु पर्ने ।
- जिल्लाका ग्रामिण क्षेत्रमा रहेका स्वास्थ्य संस्थाहरुमा औषधीको नियमित परिपूर्ति गर्नु पर्ने ।

**समापन**

कार्यक्रमको अन्तमा स्थानिय विकास अधिकारी तथा सार्वजनिक सुनुवाई कार्यक्रमका सभाध्यक्ष श्री कृष्ण गौतमले सार्वजनिक सुनुवाई कार्यक्रममा आएका आफ्नो कार्यालयसंग सम्वन्धित सूझावहरुको कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्दै, अन्य कार्यालयहरुका लागि आएका सुझावहरुलाई कार्यान्वयन गर्न सम्वन्धित निकायहरुलाई जवाफ दिन आग्रह गदै आगामी सार्वजनिक सुनुवाईमा आज आएका सुझावहरु कति कार्यान्वयन भएका छन सो को प्रगति समेत प्रस्तुत गर्न निर्देशन दिँदै, उपस्थित भएका सवैलाई धन्यवाद ज्ञापन गर्दै कार्यक्रम समापन भएको जानकारी गराउनु भयो ।

**निश्कर्ष**

कार्यक्रममा महत्वपूर्ण बिषयहरुमा छलफल भएको सहभागिहरुले वताएका थिए । आगामी दिनहरुमा सुधार गर्दै लैजाने बिषयमा छलफल भएको थियो । जिला बिकास समितिका स्थानीय बिकास अधिकारी ज्यूले आगामी दिनहरुमा सार्वजनिक सुनुवाईलाई निरन्तरता दिने प्रतिवद्धता व्यक्त गरेका थिए । कार्यक्रमवाट निम्न निश्कर्षहरु निकाल्न सकिन्छ :

- कार्यक्रममा आम जनताको सहभागिता हुन नसकेपछि थुप्रै सवालहरु उठेका छन र ति सवालहरुमा सरोकारवालाहरुले जवाफ दिएका छन ।
- जिल्लाभित्र सञ्चालनमा रहेका बिभिन्न बिकास निर्माणका योजनाको वारेमा सेवाग्राही र सरोकारवालालाई जानकारी भएको छ ।

- स्थानीयस्तरमा हुने गरेका भ्रष्टाचारका सवालहरु समेत वाहिर आएका छन ।
- अर्को वर्ष देखि निरन्तर रुपमा सार्वजनिक सुनुवाई गर्ने प्रतिवद्धता व्यक्त गरिको छ ।
- सेवा प्रदायक निकायहरुवाट प्रवाह हुने सेवाहरुको वारेमा जनताले जानकारी पाएका छन ।

**अन्त्यमा**

नियमित रुपमा हुनु पर्ने सार्वजनिक सुनुवाई कार्यक्रम यस पटक जिल्ला बिकास समितिले पहिलो, दोस्रो र तेस्रो सार्वजनिक सुनुवाई सम्पन्न गरेको छ । सार्वजनिक सुनुवाईमा महत्वपूर्ण सुझावहरु आएका छन । ति सुझावहरुको कार्यान्वयन गर्नमा जिल्ला बिकास समिति डोटी लगायत सवै सरोकारवाला निकायहरुको महत्वपूर्ण जिम्मेवारी रहेको छ । जनताका गुनासाहरु सम्वोदन गर्न सकेमात्र सुशासन कायम हुन सक्छ भन्ने कुरा हामी सवैले बुझ्नु पर्ने जरुरी छ । सार्वजनिक सुनुवाई कार्यक्रमको सहजीकरण गर्ने जिम्मा दिएको जिल्ला बिकास समितिलाई धन्यवाद ज्ञापन गर्दछौं साथै यो प्रतिवेदन तयार गर्ने क्रममा हामीलाई आवश्यक सहयोग र मार्गदर्शन गर्नुहुने सबै प्रति पनि हार्दिक आभार प्रटक गर्दछौं । धन्यवाद

***प्रतिवेदक***
गणेश मौनी
बागेश्वरी असल शासन क्लब (बास)
जिल्ला शाखा डोटी